# धवलागिरी राजपत्र

**धवलागिरी गाउँपालिका म्याग्दीद्वारा प्रकाशित**

**खण्ड १०** **मिति २०८३/०३/१६** **संख्याः ५**

**भाग १**

**धवलागिरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**मुना, म्याग्दी**

# धवलागिरी गाउँपालिकाको आर्थिक ऐन, २०८३

**गाउँसभाबाट पारित मिति २०८३/०३/९**

# धवलागिरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** धवलागिरी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वायन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम धवलागिरी गाउँपालिकाको गाउँसभाले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखी धवलागिरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति तथा भूमि करः** (१) गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) वमोजिम सम्पत्ती तथा भूमी कर लागाइनेछ

(२) गाउँपालिका क्षेत्र भित्रका मुख्य व्यापारीक क्षेत्र, आवासिय क्षेत्र छुट्याई अनुसुची- १ (क) बमोजिम मूल्याङ्कनको आधारमा कर लगाई असुल गरिनेछ।

(३) गाउँपालिका क्षेत्र भित्रको १ देखि ७ वडाको खेत तर्फ र पाखो तर्फको जग्गाको मूल्याङ्कन गरि अनुसूची- १ (ख) बमोजिम कर लगाईने र असुल गरिनेछ।

(४) दफा २ बमोजिम सम्पत्ती तथा भूमी कर तोकिएको समयमा नबुझाउने करदाता लाई अनुसूची- १ (ग) बमोजिम दण्ड जरिवाना असुलउपर गरिनेछ।

(५) भूमी करको दर निर्धारण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा वा गुनासो आएमा स्थलगत अध्ययनबाट जग्गाको भौगोलिक अवस्थिती र कित्ता नं. अनुसार तर्जुमा भएका मापदण्ड समेतलाई आधार बनाई पुन मूल्याङ्कन गरि करका दरहरु निर्धारण गर्न सकिनेछ।

३. **घर वहाल करः** (१) गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची- २ बमोजिम घर जग्गा बहाल कर लगाइने तथा घर नक्सा पास दस्तुर असुल गरिनेछ। बहाल कर सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिका भित्र निर्माण भएका भौतिक संरचनालाई तिन प्रकारमा विभाजन गरी अनुसूची- २ (क) बमोजिम कर लागाइने छ।

(३) उपदफा २ बमोजिम निर्माण भएको भौतिक संरचानाको अवधिको आधारमा अनुसूची- २ (ख) बमोजिम ह्रास कट्टी गरिनेछ।

४. **व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

५. **जडिवुटी, कवाडी, घुमन्ते व्यापारी र जीवजन्तु करः**गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) वमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

६. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) वमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (६) वमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

८. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) वमोजिम मनोरन्जन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

९. **वहाल विटौरी शुल्क:** गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचीमा व्यवस्था भए अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्क** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (९) वमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

११. **ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (१०) वमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. **सेवाशुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लेखित स्थानीय पुर्वाधार उपलव्ध गराईएको सेवामा सेवाग्राही बाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरु वाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

१४. **प्राकृतिक स्रोत शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र अन्तर्गतका नदि नाला, खोला, बन लगाएत सार्वजनिक क्षेत्र तथा निजी जग्गामा रहेका रोडा, गेग्रान, चट्टान ढुङ्गा, गिटि ढुङ्गा, कटिङ् ढुङ्गा अन्य साधारण माटो, बालुवा, नदि तथा खोलाले बगाएर ल्याएको काठ, दाउरा, दहत्तर बहत्तर साथै खानी तथा नदिजन्य पदार्थ उत्खनन, संकलन निकासि विक्रिका लागि अनुसूची (१३) बमोजिम शुल्क लगाई असुलउपर गरिनेछ।

१५. **दण्ड जरिवाना शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्र अन्तर्गतको बजार तथा बस्ति क्षेत्र, सार्वजनिक स्थल, खानीजन्य तथा नदी जन्य पदार्थ आदिमा प्रतलित कानुन विपरित अनुचित तवरबाट गतिविधि भएको अवस्थामा कसुर अनुसार दण्ड जरिवाना गर्नेछ। दण्ड जरिवाना वापतको शुल्क प्रचलित कानुनमा तोकिएको भए सोहि बमोजिम हुनेछ र अन्य अवस्थामा अनुसूची (१४) बमोजिम शुल्क लगाई असुल गरिनेछ।

१६. **मेला महोत्सव शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै पनि वडाहरुमा मेला महोत्सव गराए वापत अनुसूची (१५) वमोजिम मेला महोत्सव शुल्क लगाईने र असुल उपर गरिनेछ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई गाउँ सभाको निर्णय विना कुनैपनि किसिमको कर छुट दिइने छैन तर गाउँपालिकाले चालु आ.व. को पुष मसान्त सम्म सम्पत्ति तथा भूमी कर शुल्क बुझाउन र असोज मसान्त सम्म व्यवसाय नविकरण गर्न आएमा सो बमोजिम लाग्ने शुल्कमा प्रोत्साहान स्वरुप **१० प्रतिशत छुट** प्रदान गर्न सकिनेछ। आ.व. २०७६/०७७ सम्म दर्ता गरि हाल सम्म नविकरण हुन नसकेका व्यवसायहरुको हकमा नविकरण शुल्क एक पटकका लागि चालु आ.व.को दर्ता शुल्कको आधारमा एकमुष्ठ २५ प्रतिशत कायम हुने गरि सहुलियत प्रदान गर्न सकिनेछ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यस ऐनमा भएको व्यावस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**अनुसूची १**

**(दफा २ को उपदफा १ सँग सम्वन्धित)**

**सम्पत्ति तथा भुमि करको दर**

**आ.व. २०८३/०८४**

| देखि | सम्म | बार्षिक दर |
|---|---|---|
| रु. एक देखि | पाँच लाख रुपैया सम्मको | एकमुष्ठ रु. १०० |
| रु. पाँच लाख एक देखि | दश लाख रुपैया सम्मको | प्रति लाख रु. २० |
| रु. दश लाख एक देखि | बिस लाख रुपैया सम्मको | प्रति लाख रु. १९ |
| रु. बिस लाख एक देखि | तिस लाख रुपैया सम्मको | प्रति लाख रु. १८ |
| रु. तिस लाख एक देखि | चालिस लाख रुपैया सम्मको | प्रति लाख रु. १७ |
| रु. चालिस लाख एक देखि | पचास लाख रुपैया सम्मको | प्रति लाख रु. १६ |
| रु. पचास लाख देखि माथि | जतिसुकै भएपनी | प्रति लाख रु. १५ |
| कच्ची घर | | एकमुष्ठ रु. १०० |
| पक्की घर | | एकमुष्ठ रु. ३०० |

**नोटः मूल्याङ्कन रकमलाई रु लाखमा गोल संख्या (Round Figure) मा परिणत गरि करको दर निर्धारण हुनेछ।**

**अनुसूची १ (क)**

**(दफा २ को उपदफा २ सँग सम्बन्धित)**

**जग्गाको न्युनतम मूल्याङ्कन हद**

**धवलागिरी गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको वर्गिकरण तथा मूल्याङ्कन**

**आ.व. २०८३/०८४**

| वडा नं. | विवरण | घर बाटो | मूल्याङ्कन रकम | कैफियत |
|---|---|---|---|---|
| १. | आवासिय | - लुलाङ, गुर्जा मोटरबाटोले छुने दाँया बाँया<br>- अन्य आवासिय क्षेत्र | २०००,५०,<br>१५०००० | |
| १. | कृषि | - अन्य कृषि क्षेत्र | ७५००० | |
| २. | व्यावसायिक | -मुना ढोरपाटन मोटर बाटो<br>खोरिया हुँदै लमसुङ लुलाङ गुर्जा-सडकको खोरिया लमसुङ र लुलाङको मोटर बाटो<br>पाङ्ग्राबोट तोसकाटे शाखा मोटर बाटो-<br>खोरिया माझकटेरी शाखा मोटरबाटो-<br>च्यानडाँडा शिलाटोल शाखा मोटरबाटो-<br>अन्य व्यावसायिक | २५००००<br>२५००००<br>१५००००<br>१५००००<br>१५००००<br>१००००० | |
| २. | आवासिय | -मुना ढोरपाटन मोटर बाटो<br>खोरिया हुँदै लमसुङ-लुलाङ गुर्जा सडकको खोरिया लमसुङ र लुलाङको मोटर बाटो<br>पाङ्ग्राबोट तोसकाटे शाखा मोटर बाटो-<br>खोरिया माझकटेरी शाखा मोटरबाटो-<br>च्यानडाँडा शिलाटोल शाखा मोटरबाटो-<br>अन्य आवासिय | २५००००<br>२५००००<br>१५००००<br>१५००००<br>१५००००<br>१००००० | |
| २. | कृषि | -मुना ढोरपाटन मोटर बाटो<br>खोरिया हुँदै-लमसुङ लुलाङ गुर्जा सडकको खोरिया लमसुङ र लुलाङको मोटर बाटो<br>पाङ्ग्राबोट तोसकाटे शाखा मोटर बाटो- | १५००००<br>१५००००<br>१०००००<br>८०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | खोरिया माझकटेरी शाखा मोटरबाटो- | ८०००० | |
| | | च्यानडाँडा शिलाटोल शाखा मोटरबाटो- | ८०००० | |
| | | अन्य कृषि | ७५००० | |
| ३ | व्यावसायिक | घट्टेखोलादेखि बाङखोलासम्म-मोटरबाटो | ८००००० | |
| | | फलियागाँउ सोलबाङ मोटर बाटो- | ३००००० | |
| | | साविक मुना गाविस देखि साविक मुदी गाविस जाने मोटरबाटो- | ५००००० | |
| | | मुना देखि मालिका मोटरबाटो- | ३००००० | |
| | | मोटरबाटो-बाङखोला कुनौटा- | ३००००० | |
| | | मुना विच गाउँ मोटरबाटो- | ३५०००० | |
| | | नयाँवस्ती दर मोटरवाटो- | ३५०००० | |
| | | मोटरबाटो -सोलबाङ-हिलापोखरी फलियागाउँ- | ३५०००० | |
| | | माइथा-खिम्सा-फलियागाउँ मुना-नमोटरबाटो - | ३५०००० | |
| | | खग्रेट सातमूले मोटरबाटो- | ३५०००० | |
| | | मोटरबाटो-मुना लेवाङ- | ३५०००० | |
| | | उपल्लो बस्ती मोटरबाटो -फलियागाउँ स्वाँरा र फलियागाँउ- | ३५०००० | |
| | | अन्य व्यावसायिक- | २००००० | |
| ३ | आवासिय | घट्टेखोलादेखि-बाङखोलासम्म मोटरबाटो | ५००००० | |
| | | फलियागाँउ सोलबाङ मोटर बाटो- | २००००० | |
| | | साविक मुना गाविस देखि साविक मुदी गाविस जाने मोटरबाटो- | ३००००० | |
| | | मुना देखि मालिका मोटरबाटो- | २००००० | |
| | | मोटरबाटो-बाङखोला कुनौटा- | २००००० | |
| | | मुना विच गाउँ मोटरबाटो- | २००००० | |
| | | नयाँवस्ती दर मोटरवाटो- | २००००० | |
| | | मोटरबाटो -सोलबाङ-हिलापोखरी फलियागाउँ- | २००००० | |
| | | -फलियागाउँ मुना-खिम्सामोटरबाटो -माइथान- | २००००० | |
| | | खग्रेट सातमूले मोटरबाटो- | २००००० | |
| | | मोटरबाटो-मुना लेवाङ- | २००००० | |
| | | उपल्लो बस्ती मोटरबाटो -फलियागाउँ स्वाँरा र फलियागाँउ- | २००००० | |
| | | अन्य आवासिय- | १५०००० | |
| ३ | कृषि | घट्टेखोलादेखि-बाङखोलासम्म मोटरबाटो | ३००००० | |
| | | फलियागाँउ सोलबाङ मोटर बाटो- | २००००० | |
| | | साविक मुना गाविस देखि साविक मुदी गाविस जाने मोटरबाटो- | १००००० | |
| | | मुना देखि मालिका मोटरबाटो- | १००००० | |
| | | मोटरबाटो-बाङखोला कुनौटा- | १००००० | |
| | | मुना विच गाउँ मोटरबाटो- | १००००० | |
| | | नयाँवस्ती दर मोटरवाटो- | १००००० | |
| | | मोटरबाटो -सोलबाङ-हिलापोखरी फलियागाउँ- | १००००० | |
| | | -फलियागाउँ मुना-खिम्सामोटरबाटो -माइथान- | १००००० | |
| | | खग्रेट सातमूले मोटरबाटो- | १००००० | |
| | | मोटरबाटो-मुना लेवाङ- | १००००० | |
| | | उपल्लो बस्ती मोटरबाटो -फलियागाउँ स्वाँरा र फलियागाँउ- | १००००० | |
| | | अन्य कृषि- | ८५००० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | व्यावसायिक | साविक मुदी गाविस शुरु हुने ठाउँ देखि मुदी बैसधारा मोटरबाटो-<br>साविक मुदी गाविस झि भिर देखि बराले गोठ छोड्ने डाँडा मुनपर्क-हुँदै पललार्क खोला मोटरबाटो<br>साविक मराङ गाविसको सिमाना कल्लेनी देखि बासबोट-कर्याङत्याङ खिवाङ खाम्ला केकेछहरा घिम्लेटी मटला धवाङ नाउरा जुगेपानी बगरसम्मको मोटरबाटो<br>साविक मुदी गाविस केके छहरा देखि मुम्पुजी कालझुर च्यानडाँडा-कलडाँडा भदौरे डाँडा खिवाङ बसपार्कसम्म जोड्ने मोटरबाटो<br>स्वास्थ्य-मुदी बसपार्क वडा कार्यालय हुँदै जुनकिनासम्म जोड्ने-चौकी मोटरबाटो<br>मोटरबाटो-नेरवाङ-अर्चे-मुदी खोरिया-<br>अन्य व्यावसायिक- | ३५०००००<br>२५०००००<br>३५०००००<br>३५०००००<br>३५०००००<br>२५०००००<br>१५०००० | |
| ४ | आवासिय | साविक मुदी गाविस शुरु हुने ठाउँ देखि मुदी बैसधारा मोटरबाटो-<br>साविक मुदी गाविस झि भिर देखि बराले गोठ छोड्ने डाँडा मुनपर्क-हुँदै पललार्क खोला मोटरबाटो<br>साविक मराङ गाविसको-सिमाना कल्लेनी देखि बासबोट कर्याङत्याङ खिवाङ खाम्ला केकेछहरा घिम्लेटी मटला धवाङ नाउरा जुगेपानी बगरसम्मको मोटरबाटो<br>साविक मुदी गाविस केके छहरा देखि मुम्पुजी कालझुर च्यानडाँडा-कलडाँडा भदौरे डाँडा खिवाङ बसपार्कसम्म जोड्ने मोटरबाटो<br>स्वास्थ्य-मुदी बसपार्क वडा कार्यालय हुँदै जुनकिनासम्म जोड्ने-चौकी मोटरबाटो<br>मोटरबाटो-नेरवाङ-अर्चे-मुदी खोरिया-<br>अन्य आवासिय- | २००००००<br>२००००००<br>२००००००<br>२००००००<br>२००००००<br>२००००००<br>१५०००० | |
| ४ | कृषि | साविक मुदी गाविस शुरु हुने ठाउँ देखि मुदी बैसधारा मोटरबाटो-<br>साविक-मुदी गाविस झि भिर देखि बराले गोठ छोड्ने डाँडा मुनपर्क हुँदै पललार्क खोला मोटरबाटो<br>साविक मराङ गाविसको सिमाना कल्लेनी देखि बासबोट-कर्याङत्याङ खिवाङ खाम्ला केकेछहरा घिम्लेटी मटला धवाङ नाउरा जुगेपानी बगरसम्मको मोटरबाटो<br>साविक मुदी गाविस केके छहरा देखि मुम्पुज-ी कालझुर च्यानडाँडा कलडाँडा भदौरे डाँडा खिवाङ बसपार्कसम्म जोड्ने मोटरबाटो<br>स्वास्थ्य-मुदी बसपार्क वडा कार्यालय हुँदै जुनकिनासम्म जोड्ने-चौकी मोटरबाटो<br>मोटरबाटो-नेरवाङ-अर्चे-मुदी खोरिया-<br>अन्य कृषि- | १०००००<br>१०००००<br>१०००००<br>१०००००<br>१०००००<br>१०००००<br>८०००० | |
| ५ | व्यावसायिक | साविक मराङ गाविसको सिमानादेखि मल्कवाङ जोड्ने मोटरबाटो-<br>मल्कवाङ मलम्पार मोटरबाटो-<br>मोटरबाटो -मल्कबाङ भेडिखाल्टा-<br>अन्य व्यावसायिक | ३०००००<br>२५००००<br>२५००००<br>१००००० | |
| ५ | आवासिय | साविक मराङ गाविसको सिमानादेखि मल्कवाङ जोड्ने मोटरबाटो-<br>मल्कवाङ मलम्पार-मोटरबाटो<br>मोटरबाटो -मल्कबाङ भेडिखाल्टा- | १५००००<br>१०००००<br>१००००० | |

| | | | | |
|---|---|---|---|---|
| | | अन्य व्यावसायिक | १००००० | |
| ५ | कृषि | साविक मराङ गाविसको सिमानादेखि मल्कवाङ जोड्ने मोटरबाटो-<br>मल्कवाङ मलम्पार मोटरबाटो-<br>मोटरबाटो -मल्कबाङ भेडिखाल्टा-<br>अन्य व्यावसायिक | १००००० <br>९०००० <br>९०००० <br>६०००० | |
| ६ | व्यावसायिक | मालिका गाउँपालिकाको सिमानादेखि मराङ बेसी वडा-<br>कार्यालयसम्म मोटरबाटो<br>खाउरीबाङदेखि साविक मल्कवाङ गाविसको सिमानासम्म -<br>मोटरबाटो<br>मराङ वडा कार्यालयदेखि उपल्लो कुम्री दमका ठुलो गाउँ राम्चे जाने-<br>मोटरबाटो<br>नामरूकदेखि बुल मलम्पारको सिमानासम्म मोटरबाटो-<br>को भारबाङ देखि साविक मराङ ७ मालुका गाउँपालिका वडा नं-<br>गाविसको कल्लेनी मोटरवाटो<br>पन्थोक घण्टीबाङ र अर्बाङ मोटरबाटो-<br>सत्रबाङ पाखादेखि रिख मोटरबाटो-<br>मुनुङदेखि अस्करे मोटरबाटो-<br>अन्य ब्यावसायिक- | ५००००० <br>३५०००० <br>३००००० <br>२५०००० <br>५००००० <br>३५०००० <br>३५०००० <br>२५०००० <br>३००००० | |
| ६ | आवासिय | मालिका गाउँपालिकाको सिमानादेखि मराङ बेसी वडा कार्यालयसम्म<br>मोटरबाटो<br>खाउरीबाङदेखि साविक मल्कवाङ गाविसको सिमानासम्म -<br>मोटरबाटो<br>मराङ वडा कार्यालयदेखि उपल्लो कुम्री दमका ठुलो गाउँ राम्चे जाने-<br>मोटरबाटो<br>नामरूकदेखि बुल मलम्पारको सिमानासम्म मोटरबाटो-<br>मा-लिका गाउँपालिका वडा नं ७ को भारबाङ देखि साविक मराङ<br>गाविसको कल्लेनी मोटरवाटो<br>पन्थोक घण्टीबाङ र अर्बाङ मोटरबाटो-<br>सत्रबाङ पाखादेखि रिख मोटरबाटो-<br>मुनुङदेखि अस्करे मोटरबाटो-<br>अन्य आवासिय- | २५०००० <br>२००००० <br>२००००० <br>२००००० <br>३००००० <br>२००००० <br>२००००० <br>१५०००० <br>१५०००० | |
| ६ | कृषि | मालिका गाउँपालिकाको सिमानादेखि मराङ बेसी वडा कार्यालयसम्म<br>मोटरबाटो<br>खाउरीबाङदेखि साविक मल्कवाङ गाविसको सिमानासम्म -<br>मोटरबाटो<br>मराङ वडा कार्यालयदेखि उपल्लो कुम्री दमका ठुलो गाउँ राम्चे जाने-<br>मोटरबाटो<br>नामरूकदेखि बुल मलम्पारको सिमानासम्म मोटरबाटो-<br>मालुका- गाउँपालिका वडा नं ७ को भारबाङ देखि साविक मराङ<br>गाविसको कल्लेनी मोटरवाटो<br>पन्थोक घण्टीबाङ र अर्बाङ मोटरबाटो- | १००००० <br>१००००० <br>१००००० <br>१००००० <br>१००००० <br>१००००० <br>१००००० | |

| | | | | |
|---|---|---|---|---|
| | | सत्रबाङ पाखादेखि रिख मोटरबाटो- | १००००० | |
| | | मुनुङदेखि अस्करे मोटरबाटो- | ८५००० | |
| | | अन्य कृषि- | | |
| ७ | व्यावसायिक | साविक ताकम गाविस धारापानी ताकम सिवाङ मोटरबाटो- | १०००००० | |
| | | ताकम हिलापोखरी मोटरबाटो- | ५५०००० | |
| | | ताकमको हमालचोकदेखि ताकम भित्री बजार मोटरबाटो- | ८५०००० | |
| | | ताकम हमाल चोक देखि म्याग्दी खोलाको पक्की पुलसम्मको-मोटरबाटो | ५००००० | |
| | | धारापानीको भित्रीमोटरबाटो- | ५००००० | |
| | | ताकम बजार देखि वडा कार्यालय हुँदै मुख्य सडकमा-जोडिएको | ४००००० | |
| | | काफलडाँडा मोटर बाटो- | ४००००० | |
| | | सिवाङ ताकम कोट मोटरबाटो- | ४००००० | |
| | | दरबाङ ताकम मुना ढोरपाटन सडकको मच्छिम गाउँमा मोटरबाटो- | ७००००० | |
| | | कौसिनि हिलापोखरी मोटरबाटो-किमचौर खोरबाङ- | २५०००० | |
| | | किमचौर बगर झाङ्गा मोटरबाटो | २५०००० | |
| | | अन्य व्यावसायिक- | २००००० | |
| ७ | आवासिय | साविक ताकम गाविस धारापानी ताकम सिवाङ मोटरबाटो- | ५००००० | |
| | | ताकम हिलापोखरी मोटरबाटो- | ३००००० | |
| | | ताकमको हमालचोकदेखि ताकम भित्री बजार मोटरबाटो- | ४००००० | |
| | | ताकम हमाल चोक देखि म्याग्दी खोलाको पक्की पुलसम्मको-मोटरबाटो | २५०००० | |
| | | धारापानीको भित्रीमोटरबाटो- | २५०००० | |
| | | ताकम बजार-देखि वडा कार्यालय हुँदै मुख्य सडकमा जोडिएको | २००००० | |
| | | काफलडाँडा मोटर बाटो- | २००००० | |
| | | सिवाङ ताकम कोट मोटरबाटो- | २००००० | |
| | | दरबाङ ताकम मुना ढोरपाटन सडकको मच्छिम गाउँमा मोटरबाटो- | ३५०००० | |
| | | कौसिनि हिलापोखरी मोटरबाटो-किमचौर खोरबाङ- | १५०००० | |
| | | -किमचौर बगर झाङ्गा मोटरबाटो | १५०००० | |
| | | अन्य आवासिय- | १२५००० | |
| ७ | कृषि | साविक ताकम गाविस धारापानी ताकम सिवाङ मोटरबाटो- | २००००० | |
| | | ताकम हिलापोखरी मोटरबाटो- | १५०००० | |
| | | ताकमको हमालचोकदेखि ताकम भित्री बजार मोटरबाटो- | १५०००० | |
| | | ताकम हमाल चोक देखि म्याग्दी खोलाको पक्की पुलसम्मको-मोटरबाटो | १५०००० | |
| | | धारापानीको-भित्रीमोटरबाटो | १५०००० | |
| | | ताकम बजार देखि वडा कार्यालय हुँदै मुख्य सडकमा जोडिएको- | १२५००० | |
| | | काफलडाँडा मोटर बाटो- | १२५००० | |
| | | सिवाङ ताकम कोट मोटरबाटो- | १२५००० | |
| | | दरबाङ ताकम मुना ढोरपाटन सडकको मच्छिम गाउँमा मोटरबाटो- | २००००० | |
| | | कौसिनि हिलापोखरी मोटरबाटो-किमचौर खोरबाङ- | १००००० | |
| | | -किमचौर बगर झाङ्गा मोटरबाटो | १००००० | |
| | | अन्य कृषि- | ९०००० | |

**नोटः** (क) आवासिय/व्यवसायिक क्षेत्र सम्बन्धमा माथि जुन सुकै कुरा उल्लेख भएतापनि सडक दाँया बाँया घडेरी योग्य जग्जा नभई पाखो, काल्ला मात्र रहेको अवस्थामा र एकै कित्ताको थोरै भाग मात्र सडक सँग जोडिएको र अधिकांस जमिन बारी, पाखो रहेको अवस्थामा जम्मा क्षेत्रफलको ३३ प्रतिशत मात्र आवसिय/व्यवसायिक क्षेत्र कायम गरि बाँकी जग्गा कृषि क्षेत्रको मूल्याङ्कन आधारमा राजश्व संकलन गर्ने ।

(ख) सार्वजनिक संघ संस्था, मठ मन्दिर संरक्षण तथा व्यवस्थापन समितिको गुठी जग्गाको कर बुझाउन नपर्ने ।

(ग) व्यक्तिले भोग चलान गरेको र व्यक्तिको पूर्ण स्वामित्वमा हुने गुठि जग्गाको सम्पत्ति कर सम्बन्धित स्वामित्वकर्ताले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ ।

(घ) व्यक्तिले भोग चलान गरेको र व्यक्तिको पूर्ण स्वामित्वमा हुने घर जग्गाको सम्पत्ति कर मूल्याङ्कन फरक परेको भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा पुन मूल्याङ्कनका आधारमा वर्षमा एक पटक सच्याउन सकिनेछ ।

**अनुसूची-१ (ख)**

**(दफा २ को उपदफा ३ सँग सम्बन्धित)**

**माथि उल्लिखित बाहेक धवलागिरी गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको वर्गिकरण तथा मूल्याङ्कन**

**आ.व. २०८३/०८४**

| क्र.स. | वडा नं | खेत तर्फ | | | | बारी तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १ | १ | ००. | ० | ० | ० | २४१८५ | १९२४८ | १४५१६ | १२२०० |
| २ | २ | ००. | ० | ० | ० | २४१८५ | १९२४८ | १४५१६ | १२२०० |
| ३ | ३ | ९८२५० | ८७६०० | ६५५०० | ५२४०० | १०८७५० | ८४७०० | ६३७५० | ५९०५० |
| ४ | ४ | २४६३० | २१५८४ | १७६७५ | १३०२१ | २५५१६ | २२९०० | १७३१० | १३३१६ |
| ५ | ५ | २३५१६ | १९९१२ | १६११२ | १२३१० | २१५०० | १७९०० | १४११२ | १२१११ |
| ६ | ६ | २५१०० | २०२१३ | १८५१० | १२३०० | १६५१६ | १२३९८ | ११२१० | ९५६१० |
| ७ | ७ | ६५११२ | ५७९१२ | ५०११२ | ४३१९८ | ४२५०० | ३६१४० | ३१४९० | १८५९० |

**अनुसूची- १ (ग)**

**(दफा २ को उपदफा ४ संग सम्बन्धित)**

**म्याद भित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर**

| **म्याद नाघेको प्रति वर्षको थप शुल्क** |
|---|
| एक आर्थिक वर्ष सम्म म्याद नाघेमा बुझाउनु पर्ने वक्यौदा रकमको १० प्रतिशत २ आर्थिक वर्ष म्याद नाघेमा १५ प्रतिशत तिन आर्थिक वर्ष नाघेमा २० प्रतिशत सो भन्दा बढी आर्थिक वर्ष म्याद नाघेमा ५० प्रतिशतका दरले थप शुल्क असुल गरि बिजक जारी गर्ने |

**अनुसूची २**

**(दफा ३ को उपदफा १ सँग सम्बन्धित)**

**घर बहाल तथा नक्सा पास**

(क) **घर बहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, टहरा, जग्गा पूरै वा आंशिक तहले कुनै व्यक्ति वा संस्थालाई बहालमा दिइएकोमा बहाल रकमको १० प्रतिशत बहाल कर रकम तिर्नु पर्नेछ ।

**नोटः** गाउँपालिकाको स्वामित्वमा रहेको सभाहल प्रोजेक्टर सहित प्रति दिन रु. २०००, प्रोजेक्टर बहेकको प्रति दिन १५०० रुपैया गाउँपालिकाको कार्यालयमा तिर्नु पर्नछ ।

**(ख) घर नक्सा पास दस्तुरः**

| क्र.सं. | विवरण | दर रु. |
|---|---|---|

| | | |
|---|---|---|
| | नक्सा पास निवेदन फाराम दस्तुर | रु. ५०० |
| | पक्की घर पर्खाल समेत प्रति वर्गफुट दस्तुर | रु. ५ प्रति वर्गफिट |
| | जमिन मुनी प्रति वर्गफुट दस्तुर | रु. ६ प्रति वर्गफिट |
| | पहिलो तला प्रति वर्गफुट दस्तुर | रु. ६ प्रति वर्गफिट |
| | दोस्रो तला वा सो भन्दा माथि प्रति वर्गफुट दस्तुर | रु. ६ प्रति वर्गफिट |
| | कच्चि घर पर्खाल समेत प्रति वर्गफुट दस्तुर | रु. २ प्रति वर्गफिट |
| | नक्सा नामसारी तथा नविकरण वापत | रु. १००० |

**अनुसूची २ (ख)**

**(दफा ३ को उपदफा ३ संग सम्बन्धित)**

**भौतिक संरचनाको ह्रास कट्टी**

| क्र.सं. | भौतिक संरचाना बनेको साल | ह्रास कट्टी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | संरचना बनेको एक वर्ष नकाटेको अवस्थामा | ० | |
| २ | त्यस पछिको प्रत्येक वर्ष | २ | |

**नोटः-** ह्रास कट्टी अधिकतम ५० (पचास) वर्ष सम्म हुने छ । त्यस भन्दा बढी वर्ष भएको संरचनाको ह्रास कट्टी हुने छैन ।

**अनुसूची ३**

**(दफा ४ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लागउन सक्ने व्यवसाय करको दर**

**(क) व्यवसाय करः**

| क्र.सं. | शिर्षक | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | **होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, मिष्ठान्न भण्डार** | ३००० | १५०० | |
| क | मदिरा समेत विक्रि गर्ने होटल (लज समेत) | २५०० | १५०० | |
| ख | मदिरा विक्रि नगर्ने होटल (लज समेत) | ३००० | १५०० | |
| ग | मदिरा समेत विक्रि गर्ने होटल | ३००० | १५०० | |
| घ | मदिरा विक्रि नगर्ने होटल | २५०० | १५०० | |
| ङ | चिया पसल | १००० | ८०० | |
| २ | टेन्ट हाउस, क्याटरिङ | २००० | १००० | |
| ३ | सुन चाँदी पसल | २००० | १००० | |
| ४ | टेलरिङ | १००० | ५०० | |
| ५ | सैलुङ व्यवसाय | १००० | ५०० | |
| ६ | ब्युटि पार्लर | १००० | ५०० | |
| ७ | कम्प्युटर सम्बन्धि पसल | २००० | १००० | |
| ८ | **इलेक्ट्रोनिक तथा इलेक्ट्रिक पसल** | | | |
| क | इलेक्ट्रोनिक हेभि सामाग्री विक्रि पसल | ५००० | २००० | |
| ख | इलेक्ट्रोनिक हलुका सामान विक्रि पसल | २००० | १००० | |
| ग | इलेक्ट्रिक सामानको विक्री पसल | २००० | १००० | |
| घ | इलेक्ट्रिक सामानको मर्मत पसल | १००० | ५००० | |
| ९ | मोवाइल, टेलिफोन, घडी, रेडियो विक्रि पसल | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| **क** | मोवाइल, टेलिफोन, घडी, रेडियो मर्मत पसल | १००० | ५०० | |
| १० | फेन्सि पसल | ३००० | १५०० | |
| ११ | डिलर व्यवसाय | ५००० | ३००० | |
| १२ | अस्पताल, क्लिनिक, औषधि पसल, आयुर्वेदिक पसल | ५००० | ३००० | |
| १३ | फार्मेसि पसल | ५००० | ३००० | |
| १४ | आर्ट व्यवसायि पसल | २००० | १००० | |
| १५ | फोटो स्टुडियो | २००० | १००० | |
| १६ | भाँडा पसल | २००० | १००० | |
| १७ | गिफ्ट तथा कस्मेटिक पसल | २००० | १००० | |
| १८ | ग्यास सिलिण्डर विक्रेता | २००० | १००० | |
| १९ | अटो मेकानिकल तथा इन्जिनियरिङ मोटर पार्टस विक्रि तथा मर्मत पसल (ग्यारेज) | ३००० | १५०० | |
| २० | लेखा परिक्षण व्यवसाय | २००० | १००० | |
| २१ | **बैंक, फाइनान्स, वित्तिय संस्थाहरु र सहकारि** | | | |
| **क** | 'क' वर्गको बैंक वा वित्तिय संस्था | १०००० | ५००० | |
| **ख** | 'ख' वर्गको बैंक वा वित्तिय संस्था | ८००० | ४००० | |
| **ग** | 'ग' वर्गको बैंक वा वित्तिय संस्था | ६००० | ३००० | |
| **घ** | 'घ' वर्गको बैंक वा वित्तिय संस्था | ६००० | ३००० | |
| २२ | निजि विद्यालय संचालन अनुमति | ५००० | ३००० | |
| २३ | घरेलु उद्योग व्यवसाय दर्ता शुल्क | २००० | १००० | |
| २४ | परामर्श सेवा | २००० | १००० | |
| २५ | **किराना पसल तर्फ/ व्यवसाय** | | | |
| **क** | किराना पसल थोक तथा खुद्रा | ३००० | १५०० | |
| **ख** | किराना पसल खुद्रा | २००० | १००० | |
| **ग** | किराना तथा डेरि | २००० | १००० | |
| **घ** | डेरी तथा बेकरी | २००० | १००० | |
| २६ | फर्निचर तथा ग्रिल उद्योग व्यवसाय | ५००० | २५०० | |
| **क** | फर्निचर उद्योग | ३००० | १५०० | |
| **ख** | फर्निचर सोरुम | २००० | १००० | |
| **ग** | साना काठ व्यवसाय | २००० | १००० | |
| **घ** | ग्रिल र सटर व्यवसाय | ३००० | १५०० | |
| **ङ** | ग्रिल व्यवसाय मात्र | २००० | १००० | |
| २७ | कुटानी /पिसानी/ पेलानी मिल | १००० | ५०० | |
| २८ | सानो कुटानी /पिसानी | १००० | ५०० | |
| २९ | **कृषि तथा पशु पंछी व्यवसाय तर्फ** | | | |
| **क** | तरकारी तथा फलफुल खेति तर्फ ५ रोपनी  सम्म | १००० | ५०० | |
| **ख** | तरकारी तथा फलफुल खेति तर्फ ५ रोपनी  भन्दा बढी | २००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| **ग** | गाई भैंसी बाख्रा साना २० सम्म | १००० | ५०० | |
| **घ** | गाई भैंसी बाख्रा साना २० भन्दा माथि | २००० | १००० | |
| **ङ** | पोल्टी फर्म | २००० | १००० | |
| **च** | फ्रेस हाउस | २००० | १००० | |
| **छ** | तरकारी तथा फलफुल पसल | २००० | १००० | |
| **३०** | हार्डवयर पसल | ५००० | २५०० | |
| **३१** | पुस्तक, स्टेसनरी तथा खेलकुद सामाग्री बिक्रि | २००० | १००० | |
| **३२** | इन्टरनेट, टिभी, केवल, एफ.एम, रेडियो प्रसारण | १०००० | ५००० | |
| **३३** | **निर्माण व्यवसायी** | | | |
| **क** | **'क' वर्ग** | | | |
| **ख** | **'ख' वर्ग** | | | |
| **ग** | **'ग' वर्ग** | | | |
| **घ** | **'घ' वर्ग** | २५००० | ३००० | |
| ३४ | मदिरा विक्रि पसल | ५००० | २५०० | |
| ३५ | कवाडी व्यवसायी | ३००० | १५०० | |
| ३६ | भेटेरिनरी सेवा | २००० | १००० | |
| **३७** | **जलविद्युत सर्भेक्षण अनुमति प्रति वर्ष** | | | |
| | १ मे.वा. सम्म | ५०००० | | |
| | १ मे.वा. माथि प्रति मे.वा. | १२००० | | |
| ३८ | लघु जलविद्युत संचालन अनुमति | ५०००० | | सामुदायिक लाई निशुल्क |
| ३९ | विमा कम्पनी | ५००० | ३००० | |
| ४० | पानी व्यवसाय | १०००० | ५००० | |
| ४१ | जडीबुटी पसल | २००० | १००० | |
| ४२ | घुमन्ते व्यापारी | ५०० | | |
| ४३ | खानेपानी मुहान, कृषि समुह दर्ता शुल्क | १००० | ५०० | |

**नोटः** (क) माथि उल्लिखित बाहेक छुट हुन गएका व्यवसायलाई व्यवसायको प्रकृति हेरि उल्लेखित विषय संग मेल खाने किसिमको दरमा रु. १०० देखि माथी लिन सकिने।

(ख) नविकरण गर्दा पहिलो तिन महिना जरिवाना लाग्ने छैन, दोस्रो त्रैमासिकमा १० प्रतिशत, तस्रो त्रैमासिक १५ प्रतिशत, चौथो त्रैमासिक २० प्रतिशत जरिवाना रकम लाग्ने छ। एक वर्ष देखि माथिको हकमा ५० प्रतिशत जरिवाना लाग्ने छ।

**अनुसूची ४**

**(दफा ५ सँग सम्बन्धित)**

**गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने जडिबुटी, कवाडी र जिवजन्तुको करको दर**

गाउँपालिका क्षेत्र भित्र उत्पादन भई निकासि हुने देहायका माल बस्तुमा देहाय बमोजिमको न्युनतम र अधिकतम कर दर सिमा भित्र रहि कर लगाई असुल गरिनेछ।

| क्र.सं. | माल बस्तुको नाम | इकाई | अधिकतम रु. |
|---|---|---|---|
| १ | उन | प्रति के.जि. | २ |

| | | | |
|---|---|---|---|
| २ | खोटो | प्रति के.जि. | २ |
| ३ | खर, बाबियो, निगालो, पराल, लोक्ता | प्रति ट्याक्टर | २ |
| ४ | पुराना कागज, पत्र पत्रिका अन्य कवाडि सामान | प्रति के.जि. | १ |
| ५ | सतुवा | प्रति के.जि. | १०० |
| ५ | यार्सागुम्बा | प्रति के.जि. | १००० |
| ६ | चिराइतो | प्रति के.जि. | ५ |
| ७ | अन्य जडिबुटी | प्रति के.जि. | ५ |
| ८ | भेडा, बाख्रा, च्याङ्ग्रा | प्रति गोटा | १० |
| ९ | गाई, भैंसी, गोरू | प्रति गोटा | २० |

**अनुसूची ५**

**(दफा ६ सँग सम्बन्धित)**

सवारी साधन कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

**अनुसूची ६**

**(दफा ७ सँग सम्बन्धित)**

विज्ञापन कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**अनुसूची ७**

**(दफा ८ सँग सम्बन्धित)**

मनोरन्जन कर गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिक हुनेछ।

**अनुसूची ८**

**(दफा ९ सँग सम्बन्धित)**

बहाल विटौरी शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

**अनुसूची ९**

**(दफा १० सँग सम्बन्धित)**

सवारी साधन पार्किङ शुल्क गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

**अनुसूची १०**

**(दफा ११ सँग सम्बन्धित)**

ट्रेकिङ, कोयोकिङ, वञ्जी जम्पिङ, जीप फ्लाएर र रयाफ्टिङ शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

**अनुसूची ११**

**(दफा १२ सँग सम्बन्धित)**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र विभिन्न किसिमका सिफारिस, भु- सेवा शुल्क, फोहोर मैला व्यवस्थापन शुल्क र जलस्रोत उपयोग शुल्क वापत देहाय बमोजिम शुल्क लगाउन सकिनेछ। सेवाको प्रकृति अनुसार सेवा लिने र शुल्क बुझाउने प्रकृया तोकिए बमोजिम हुनेछ।

| क.स | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | सिफारीस दस्तुर | रु. २०० |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | रु.५०० |

| | | |
|---|---|---|
| ३ | पञ्जीकरण दस्तुर (३५ दिन पछाडी मात्र लाग्ने) | रु. २०० |
| ४ | पञ्जिकरण प्रतिलिपी दस्तुर | रु. ५०० |
| ५ | नाता प्रमाणित (नेपालीमा) | रु. २५० |
| ६ | नाता प्रमाणित (अङ्ग्रेजीमा) | रु. ५०० |
| ७ | **सम्पत्ति मूल्याङ्कन** | |
| | जम्मा सम्पती मुल्याङ्कनको | ०.२०% |
| ८ | **सम्पति श्रोत प्रमाणित (नेपालीमा)** | |
| | जम्मा सम्पतिको | ०.१०% |
| ९ | **सम्पति श्रोत प्रमाणित (अंग्रेजीमा)** | |
| | जम्मा सम्पतिको | ०.२०% |
| १० | **आय श्रोत प्रमाणित शुल्क (नेपालीमा)** | |
| | जम्मा सम्पतिको | ०.१०% |
| ११ | **आय श्रोत प्रमाणित शुल्क (अंग्रेजीमा)** | |
| | जम्मा सम्पतिको | ०.२०% |
| १२ | अंगिकृत नागरिकताको सिफारिस | रु. १००० |
| **१३** | **बैदेशिक रोजगारीका लागि सिफारिस** | |
| क | खाडी मुलुक | निशुल्क |
| ख | अन्य मुलुक | रु.१००० |
| १४ | चार किल्ला प्रमाणित सिफारिस | रु. ३०० |
| **१५** | **सरुवा सहमति दस्तुर(कर्मचारी/शिक्षक)** | |
| क | चौथो तह | रु. ३००० |
| ख | पाँचौ तह | रु. ४००० |
| ग | छैटौ तह भन्दा माथी | रु. ५००० |
| **१६** | **भू- उपयोग वर्गिकरण सिफारिस** | |
| क | २० कित्ता सम्मको | रु.५०० |
| ख | २० कित्ता भन्दा माथि | रु.८०० |
| १७ | वडा मुचुल्का, रोहवर तथा अन्य कागजात प्रमाणित वापत | रु. ५०० |
| १८ | योजना अन्तिम किस्ता भुक्तानी सिफारिस | रु.२०० |
| १९ | घटना दार्ता प्रमाणित | रु.३०० |

**नोटः** उपचार सहुलियत सिफारिस, अपाङ्ग असक्त सिफारिस, योजना सम्बन्धि सिफारिस, राहात सिफारिस, कृषि अनुदान सिफारिस, विपद् राहात सिफारिस, छात्रावृत्ति सिफारिस आदि सेवामा सिफारिस दस्तुर लाग्ने छैन। माथी अनुसूची- ११ मा उल्लिखित भए देखि बाहेक छुट हुन गएका सेवाको प्रकृति हेरी उल्लिखित विषय संग मेल खाने किसिमको दरमा सेवा शुल्क तथा प्रमाणित दस्तुर लिनु पर्दछ।

## अनुसूची १२
### (दफा १३ सँग सम्वन्धित)

धवलागिरी प्रवेश गर्ने पर्यटक कर देहायबमोजिम लागइनेछ :-

विदेशी पर्यटकका लागि : रु. ५००/- प्रति व्यक्ति

अन्य पर्यटन शुल्क / कर गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

## अनुसूची १३

**(दफा १४ सँग सम्बन्धित)**

**प्राकृतिक स्रोत शुल्क, दस्तुरको दर**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सार्वजनिक वा निजी जग्गामा रहेको रोडा, गेग्रान, स्लेट, गिटी ढुङ्गा, चट्टान ढुङ्गा, कटिङ ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ, दाउरा र जराजुरी जस्ता दहत्तर-बहत्तर र खानीजन्य तथा नदीजन्य पदार्थमा देहाय बमिजिमको विक्रि तथा निकासी शुल्क लगाई असूल उपर गरिनेछ।

| सि.नं. | शीर्षक | इकाई | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | रोडागेग्रान , | प्रति क्युफिट | ९ | |
| २ | स्लेट ढुङ्गा | प्रति क्युफिट | ९ | |
| ३ | गिटि ढुङ्गा | प्रति क्युफिट | ९ | |
| ४ | चट्टान ढुङ्गा | प्रति क्युफिट | ९ | |
| ५ | कटिङ ढुङ्गा | प्रति क्युफिट | ९ | |
| ६ | बालुवा | प्रति क्युफिट | ९ | |
| ७ | ढुङ्गा खानी दर्ता शुल्क | | २०००० | |
| ८ | ढुङ्गा खानी नविकरण शुल्क | | ५०००० | |

नोटः

(क) दहत्तर, बहत्तर भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गा बाट उत्खन्नन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम, शिला र अति मुल्यवान बस्तु बाहेकका नदीले बगाई ल्याएको वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, दाउरा आदि नदी जन्य तथा खनिज जन्य प्राकृतिक स्रोतलाई सम्झिन पर्छ।

(ख) ढुङ्गा, गिट्टी, बालुवा क्रसर व्यवसायहरु विधिपुर्वक दर्ता र नविकरण गरि अनिवार्य रुपमा मू.अ.क मा समेत दर्ता भई कारोवार गरेको हुनु पर्दछ। विभिन्न आयोजनाका नाममा खोलिएका उद्योग व्यवसायिले सम्बन्धित आयोजनामा बाहेक अन्यत्र विक्रि वितरण गर्न पाउने छैन।

## अनुसूची १४

**(दफा १५ सँग सम्बन्धित)**

**दण्ड जरिवाना शुल्क**

गाउँपालिका भित्र बस्ति क्षेत्र सार्वजनिक स्थल नदीजन्य तथा खानीजन्य पदार्थ आदिमा प्रचलित कानुन विपरित अनुचित कार्य भएको अवस्था, गैह कानुनीरुपमा उत्खनन तथा निकासि कार्यका लागि प्रयोग भएका मेसिन, औजार र ढुवानी साधनमा देहाय बमोजिमको दण्ड जरिवाना शुल्क लाग्ने छ।

| क्र.सं. | ढुङ्गा गिट्टी लगाएत अन्य नदिजन्य पदार्थको अवैध उत्खनन, चोरि निकासि | पहिलो पटमा लाग्ने जरिवाना | कैफियत |
|---|---|---|---|
| १ | टिपर | ३०००० | पटकेमा दोब्बर जरिवाना हुनेछ। |
| २ | ट्याक्टर | १०००० | |
| ३ | स्काभेटर | ६०००० | |
| ४ | जे.सि.भि. | ३०००० | |

**अनुसूची १५**

**(दफा १६ सँग सम्बन्धित)**

धवलागिरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि वडाहरुमा मेला महोत्सव गराए वापत देहाय बमोजिम कर लगाइनेछ।

एक दिन देखि पाँच दिन सम्म सहमति लिइ चलाइएकोमा रु. २०,०००/-

नोटः- अनुमति भन्दा अघि वा पछी बढी मेला महोत्सव लगाए दैनिक दश हजारका दरले जरिवाना लागइने छ ।